
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २७४ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २५ माघ २०८१ | मार्ग शुक्लपक्ष दशमी, नेपाल संवत् ११४५ | FRIDAY, FEBRUARY 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

### ६ वर्षमा शिक्षामा विनियोजित बजेट (रु. अर्बमा)




स्रोत : अर्थ मन्त्रालयको रातो किताब

# बालबालिका-युवामा लगानी, बालुवामा पानी

युवा र बालबालिकामा लगानी भनेको राज्यको भविष्यको प्रतिफल हो। तर, देशमा उल्टो छ। राज्यले युवा र बालबालिकामाथि बर्सेनि खर्बौं लगानी गर्छ। तर १२ कक्षा पासपछि युवा विदेश जान्छन्। कोही उच्च शिक्षाका लागि त कोही रोजगारीका लागि। त्यसैकारण शिक्षाविद्हरू नै भन्छन्- एक त युवा र बालबालिकामा भएको लगानी कम छ। अर्कोतिर जे जति लगानी छ, त्यसको प्रतिफल आएन।' त्यसैकारण यस विषयमा सरकार गम्भीर बन्नुपर्ने उनीहरूको भनाइ छ।

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

### बजेट विनियोजनको आधारमा युवामा लगानी (रु. लाखमा)

| कार्यक्रम | २०८१/८२ | २०८०/८१ |
|---|---|---|
| युवा तथा खेलकुद मन्त्रालय | ९१३.४३ | ६४२ |
| राष्ट्रिय युवा परिचालन कार्यक्रम | २०२.०८ | ९७ |
| खेलकुद विकास कार्यक्रम | ७७१.६३ | १६९ |
| नेपाल स्काउट | ४०० | ४०० |
| राष्ट्रिय खेलकुद परिषद् | ३०१०७.३९ | १७९०९ |
| राष्ट्रिय युवा परिषद् | १४२४.९४ | ६५० |
| युवा तथा साना व्यवसायी स्वरोजगार कोष | १२२८.४२ | ९२४ |
| जम्मा संघीय बजेट | ३५०४७.८९ | २०७७३ |

स्रोत : युवा तथा खेलकुद मन्त्रालय

### वैदेशिक अध्ययनमा जाने विद्यार्थीको स्थिति




स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## अहिलेकै थ्रेसहोल्ड कांग्रेस-एमालेलाई धेरै हुने प्रचण्डको दाबी



**राजकरण महतो** | *काठमाडौं*

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राष्ट्रिय दलको मान्यताका लागि अहिलेकै थ्रेसहोल्ड कांग्रेस र एमालेलाई नै धेरै हुने बताएका छन्। थ्रेसहोल्डका बारेमा ठूला दलले साना दलको चिन्ता नगर्न पनि उनले चेतावनी दिए। बिहीबार प्रतिनिधिसभामा बोल्दै संसद्को प्रमुख प्रतिपक्षी दलका नेता प्रचण्डले दुईदलीय सिस्टम नमान्ने बताए।

'कांग्रेस र एमालेका केही नेताले अब देश दुईदलीय बनाइन्छ भनेर अलि धेरै नै ग्यारेन्टी गरेको सुनियो', उनले भने, 'म ती नेताहरूलाई सोध्छु, आज देश बहुदलीय भएको तपाईंहरूको दया मायाले हो?' साना दललाई पाखा लगाएर देश विकास हुन नसक्ने दाबी गर्दै प्रचण्डले थपे, 'यसरी नै सरकार चलाउँदै जानुभयो, यसरी नै जनताबाट अलग्गिँदै जानुभयो भने अहिलेकै थ्रेसहोल्ड तपाईंहरूलाई नै धेरै हुँदैछ, अरूको चिन्ता नगर्नोस्।'

ठूला दलहरू साना दलहरूलाई सखाप पार्ने चक्करमा आफैं कमजोर हुँदै गएको प्रचण्डले जिकिर गरे। उनले भने, 'आफ्नै पार्टीबाट कार्यकर्ता पलायन भइरहेको छ। पछिल्लो बहीखाता हेर्नु र घमण्डबाट ब्युँझिनुस्', उनले भने, 'कुनै बेला १६ वर्षमा १५ सरकार बनाएर कीर्तिमान कायम गरेका तपाईंहरूले समानुपातिक प्रतिनिधित्व प्रणाली र समावेशितालाई संशोधन गर्न त परको कुरा, छुन पनि सक्नुहुन्न। यो मेरो खुला चुनौती भयो।'

सरकारले भ्रष्टाचारका विभिन्न काण्डको छानबिन अवरुद्ध पारेकोमा प्रचण्डले अर्को आपत्ति जनाए। 'अहिलेका प्रधानमन्त्रीले सार्वजनिक कार्यक्रममै ढुक्कले भनिरहनुभएको छ, प्रचण्ड र रविवाला सरकारले हामीलाई थुन्न खोजेपछि यो सरकार बनाउन पर्‍यो। मेरो नेतृत्वको सरकार ढलेसँगै जनता प्रस्ट थियो, अब खोजिने छैन, त्रिभुवन विश्वविद्यालयको जग्गा,' उनले भने, 'अब रोकिने छ, ललिता निवासको विस्तृत अनुसन्धान र जग्गा फिर्तीको प्रक्रिया। अब अवरुद्ध हुनेछ, भुटानी शरणार्थी प्रकरणको निष्पक्ष अनुसन्धान। अब खोजिने छैनन्, अतिक्रमण गरिएका सरकारी जमिन। अब सामसुम हुनेछ, भुटानी शरणार्थी प्रकरण। त्यही भयो। त्यही बिन्दुबाट जनतामा कांग्रेस एमाले गठबन्धनप्रति मोहभंग पनि सुरु भयो।' पछिल्ला सात महिनामा सरकारले जनताको केही पनि आवाज नसुनेको उल्लेख गर्दै उनले आज जनता पनि सरकारलाई नसुन्ने ठाउँमा पुगेको बताए।

## निकुञ्ज सुरक्षाकर्मीकै गोलीबाट मकुनाको मृत्यु

**अनिल ढकाल** | *चितवन*

चितवन राष्ट्रिय निकुञ्जमा रहेको जंगली हात्ती मकुनालाई गोली हानी मारिएको छ। बस्तीमा प्रवेश गरेर असुरक्षित बनाइरहेको मकुनामाथि 'आत्मसुरक्षाका' लागि गोली हानिएको निकुञ्जको भनाइ छ। तर निकुञ्जकै सुरक्षाकर्मीको गोलीबाट हात्ती मारिएकोमा सामाजिक सञ्जालमार्फत चर्को आलोचना गरिएको छ। नयाँ गोरख गण (क) गुल्म सौराहाको नेपाली सेनाको संयुक्त टोलीमाथि हात्तीले आक्रमण प्रयास गरेपछि गोली चलाइएको निकुञ्जले जनाएको छ। बुधबार दिउँसो साढे १ बजेतिर निकुञ्जको पूर्वी क्षेत्र कुमरोज सामुदायिक वनको लामिताल क्षेत्रमा मकुना हात्तीलाई जंगल पठाउन खोज्दा उल्टै आक्रमणको प्रयास गरेको थियो। दिउँसो साढे ३ बजेतिर ढलेको अवस्थामा भेटिएको हात्तीलाई पशु चिकित्सकको टोलीले मृत घोषणा गरेका थियो।



मकुनालाई धपाउन सुरुमा दुई राउन्ड हवाई फायर गरिएको थियो। मकुनाले गस्तीमा रहेको चुरेगज (सानो हात्ती) लाई आक्रमण गर्न थाल्यो। त्यसक्रममा चुरेगज खगेन्द्र प्रसादमा चढेका रेन्जर श्याम तामाङ हात्तीबाट खसे। त्यसपछि तीन राउन्ड हवाई फायर गरियो, मकुना केही पर भाग्यो। फेरि फर्केर आएको मकुना आक्रमणमा उत्रिएपछि गोली प्रहार गरिएको निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले बताए।

सानो हात्ती खगेन्द्रप्रसादमा सवार रेन्जर तामाङ हात्तीबाट खसेकाले उनको ज्यान सुरक्षाको लागि अत्यन्त कठिन भयो र स्विप टोलीले मकुनालाई तीन राउन्ड गोली हानेको निकुञ्जले जनाएको छ। गोली लागेपछि मकुना केही पर भागेको थियो। फेरि फर्केर आक्रमण गर्न आएपछि अर्को राउन्ड पनि गोली हान्नु परेको विज्ञप्तिमा उल्लेख छ। अन्तिम गोली लागेपछि भने भागेको मकुना एक किलोमिटर पर पुगेर ढलेको अवस्थामा भेटिएको निकुञ्जद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। 'आत्मरक्षाका लागि टोलीले दुई राउन्ड हवाई फायर गरेका थिए। त्यसपछि पनि मकुना थप आक्रामक बन्दै सानो हात्ती खगेन्द्रप्रसाद तर्फ आउँदा त्यहाँ सवार रेन्जर श्याम तामाङ भुइँमा खसेकाले उनको सुरक्षा गर्न अत्यन्तै कठिन भएपछि स्विप टोलीले मकुनालाई तीन राउन्ड गोली प्रहार गर्दा केही पर गएर फर्किएर आक्रमण गर्न थालेपछि अर्को एक राउन्ड गोली प्रहार गरेको थियो,' विज्ञप्तिमा उल्लेख छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २१ को आत्मसुरक्षासम्बन्धी व्यवस्थाअनुसार टोलीले गोली हानेको विज्ञप्तिमार्फत जनाइएको छ।

भाले हात्तीको दाह्रा हुन्छ। दाह्रा नभएको भाले हात्तीलाई मकुना भनिन्छ। मकुना गत वर्ष मंसिरमा चितवन राष्ट्रिय निकुञ्जमा पहिलोपल्ट देखा परेको थियो। मकुना पर्यटकीय नगरी सौराहा बजार र बस्तीमा बढी हिँड्डुल गर्थ्यो। सन् २०२२ को मार्च २४ मा झापा बाहुनडाँगीबाट पश्चिम लाग्ने क्रममा मकुना समूहबाट छुटेर चितवनमा बसेको संरक्षणकर्मीको भनाइ छ। त्यतिबेला मकुनासहित पाँच-पाँच वटा भाले हात्तीको समूह पश्चिम लागेको थियो।

## विश्व स्वास्थ्य संगठनबाट बाहिरिने अर्जेन्टिनाको घोषणा

**बुएनोस आइरेस** (एजेन्सी) : अर्जेन्टिनाले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बाट बाहिरिने घोषणा गरेको छ। अर्जेन्टिनाका राष्ट्रपतिका प्रवक्ता म्यानुएल एडोर्नीले निर्णयको घोषणा गरेको सीएनएनले जनाएको छ।

'राष्ट्रपति (जेभियर) मिलेईले (विदेशमन्त्री) गेरार्डो वर्थेनलाई विश्व स्वास्थ्य संगठनमा अर्जेन्टिनाको सहभागिता फिर्ता लिन निर्देशन दिए', एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै एडोर्नीले भने, 'हामी अर्जेन्टिनीहरू कुनै अन्तर्राष्ट्रिय संगठनलाई हाम्रो सार्वभौमिकतामा हस्तक्षेप गर्न दिनेछैनौं, विशेष गरी हाम्रो स्वास्थ्यमा।'

एडोर्नीले अर्जेन्टिनाको निर्णयलाई 'स्वास्थ्य व्यवस्थापनसम्बन्धी गहिरो मतभेदहरू, विशेष गरी महामारीको समयमा... जसले हामीलाई मानव इतिहासको सबैभन्दा लामो लकडाउन र केही राज्यहरूको राजनीतिक प्रभावको सामना गर्न स्वतन्त्रताको कमीमा पुर्‍यायो', भने। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले डब्लूएचओबाट अमेरिकालाई फिर्ता लिने घोषणा गर्दै कार्यकारी आदेशमा हस्ताक्षर गरेको केही हप्तापछि यो घोषणा आएको हो।

# राष्ट्रियसभामा बहुमत नपुगेपछि उपेन्द्रको 'बार्गेनिङ'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

६ वटा अध्यादेश बिहीबार संसद्मा निर्णयार्थ पेस गरिएनन्। कारण थियो- राष्ट्रियसभामा सत्तापक्षसँग बहुमतको अभाव। अर्थात्, सरकारलाई समर्थन गरेको जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल)ले अध्यादेशबारे निर्णय दिएन। त्यसैकारण कार्यसूची परिवर्तन गरियो, कार्यसूचीबाट अध्यादेश हटाइए। कांग्रेस र एमालेसँग प्रतिनिधिसभामा स्पष्ट बहुमत छ। तर, राष्ट्रियसभामा जसपा अर्थात् पार्टी अध्यक्ष उपेन्द्र यादव निर्णायक छन्। सरकारलाई समर्थन गरे पनि अध्यादेशको विषयमा जसपा नेपालले निर्णय दिएको छैन। उसले अध्यादेशको सम्बन्धमा अध्ययन गरिरहेको भन्दै उसले निर्णय दिएन। सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, 'निजीकरण (पहिलो संशोधन) अध्यादेश' र 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश संसद्मा पेस भएका छन्। त्यस्तै सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पनि संसद्मा छ।

सत्तापक्षमा रहे पनि जसपा नेपाल सरकारमा छैन। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अध्यादेशलाई सत्तामा जाने भर्‍याङका रूपमा प्रयोग गर्न खोजेको सत्तापक्षका नेताहरू बताउँछन्। उपप्रधानमन्त्री भइसकेका यादव अध्यादेशलाई अस्त्र बनाएर शक्तिशाली मन्त्रालयसहित सरकारमा सहभागी हुन चाहेको नेताहरू बताउँछन्। सत्तामा कुरा मिलेमात्रै अध्यादेशको पक्षमा मतदान गर्ने संकेत जसपा नेपालले दिएको छ। जसपा नेपालले मधेस प्रदेशको मुख्यमन्त्री पनि ताकेको स्रोतको भनाइ छ। साढे ६ वर्ष मधेस प्रदेशको सत्तामा रहेको यादवको पार्टी हाल सत्ताविहीन अवस्थामा छ। मधेस प्रदेशमा हाल जनमत पार्टीका सतिश सिंह मुख्यमन्त्री छन्। अध्यादेशको विषयमा जसपा नेपालका अध्यक्ष यादवको प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवासँग पनि पटकपटक संवाद भएको छ।

एमाले मुख्य सचेतक महेशकुमार बर्तौलाले जसपा नेपालले निर्णय नदिएको र व्यावहारिक रूपमा समय अपुग हुने भएकाले कार्यसूचीबाट अध्यादेश हटाइएको बताए। 'साँझ ६ बजेसम्म नियमित बैठक नै जाने भयो, उनले भने, अर्कोतिर जसपा नेपालको निर्णय आएन। तर जसपा नेपाल सत्तापक्ष नै हो। संसदीय लोकतन्त्रमा सत्तापक्षको बेन्चमा बसेर सरकारको बिजनेसको विपक्षमा मत दिन्छ जस्तो लाग्दैन।'



२०७९ को निर्वाचनमा प्रतिनिधिसभामा १२ सिट जितेको जसपा नेपाल विभाजन भएको छ। ७ जना सांसद लिएर अशोक राईले जनता समाजवादी पार्टी बनाए। हाल प्रतिनिधिसभामा उपेन्द्र यादवको जसपा नेपालसँग ५ सिटमात्रै छ। सरकारलाई समर्थन गरे पनि रोजेजस्तो मन्त्रालय नपाइने भएपछि यादव सरकारमा छैनन्। तर हाल राष्ट्रियसभामा निर्णायक बनेका छन्। राष्ट्रियसभामा ५९ सिट छ। बहुमतका लागि ३० सांसद चाहिन्छन्। कांग्रेसका १६, एमालेका १०, लोसपा १ गरी अध्यादेशको पक्षमा २७ जना मात्रै सांसद छन्। त्यस्तै राष्ट्रपतिबाट मनोनीत वामदेव गौतम र अञ्जान शाक्य सत्तापक्षसँगै छन्। त्यसो गर्दा सत्तापक्षमा २९ सांसद हुन्छ। बहुमतका लागि एक सिट पुग्दैन। जनता समाजवादी पार्टी (जसपा) सँग ३ सांसद छन्। विपक्षमा माओवादी केन्द्रका १७, एकीकृत समाजवादीका ८ र राष्ट्रिय जनमोर्चाका एक गरी २६ सिट छ। जसपा नेपालको निर्णय नगरे अध्यादेशको भविष्यमा अन्योल हुन्छ। अध्यादेश पारित हुनका लागि दुवै सदनमा बहुमतको आवश्यकता हुन्छ। राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल माओवादी केन्द्रका हुन्। निर्णायक स्थिति आउँदा उनले विपक्षमा मत दिने पक्का जस्तै छ।

अध्यादेश अध्ययन गर्न भनेर जसपा नेपालले उपाध्यक्ष राजकिशोर यादवको नेतृत्वमा कार्यदल बनाएको थियो। कार्यदलले पार्टी अध्यक्ष यादवलाई रायसुझावसहितको प्रतिवेदन बुझाइसकेको छ। अध्ययनका लागि सांसदहरूलाई प्रतिवेदन दिइएको अध्यक्ष यादवको सचिवालयले जनाएको छ। यादवका स्वकीय सचिव महेश चौरसियाद्वारा जारी गरिएको विज्ञप्तिमा अध्यादेशको सम्बन्धमा जसपा नेपाललाई जोडेर विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालहरूमा अतिरञ्जित मनगढन्ते र प्रायोजित ढंगले आइरहेका समाचार र सूचनाहरू आधारहीन, तथ्यहीन र भ्रामक रहेको जनाइएको छ। जसपा नेपालले सत्ता बार्गेनिङ गरिरहेको भन्ने कुरा आधारहीन भएको चौरसियाले बताएका छन्।

जसपा नेपालका प्रवक्ता मनिष सुमनले अध्यादेशसँग उपप्रधानमन्त्री, मुख्यमन्त्रीमा साट्ने खोजेको कुरा सरासर गलत भएको बताए।